**नेपाल राष्ट्र बैंक**

**आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं**

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०८१/८२ को दुई महिनाको तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ३.८५ प्रतिशत रहेको छ ।*
- *आयात १.१ प्रतिशतले बढेको र निर्यात ५.१ प्रतिशतले घटेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १५.२ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.१०१ अर्ब ७७ करोडले बचतमा रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.२१५२ अर्ब ५३ करोड र अमेरिकी डलरमा १६ अर्ब ४ करोड रहेको छ ।*
- *नेपाल सरकारको खर्च रु.१३७ अर्ब ५५ करोड र राजस्व परिचालन रु.१६६ अर्ब ३९ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३.९ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ०.५ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा १.४ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३.८ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.६ प्रतिशत रहेको छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०८१ भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.८५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८.१९ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.०३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.१९ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरुको मुद्रास्फीति क्रमश: ९.७७ प्रतिशत र ७.१९ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति**




२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत दाल तथा गेडागुडी उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १०.८० प्रतिशत, तरकारीको ९.८४ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.३४ प्रतिशत र फलफुलको ४.९४ प्रतिशतले बढेको छ भने मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २.६९ प्रतिशतले घटेको छ ।

३. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ८.७१ प्रतिशत, मदिराजन्य पेय पदार्थको ६.७६ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ६.०८ प्रतिशत र घरायसी उपकरणको ४.८८ प्रतिशतले बढेको छ भने विमा तथा वित्तीय सेवा उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्कमा परिवर्तन भएको छैन ।

| तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत) | | | |
|---|---|---|---|
| **विवरण** | **२०८० भदौ** | **२०८१ साउन** | **२०८१ भदौ** |
| **समग्र मुद्रास्फीति** | **८.१९** | **४.१०** | **३.८५** |
| खाद्य तथा पेय पदार्थ | ९.७७ | ६.१७ | ५.०३ |
| गैर-खाद्य तथा सेवा | ७.१९ | २.९४ | ३.१९ |

४. समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ४.०४ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ३.७८ प्रतिशतले बढेको छ ।

५. प्रदेशगत रुपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६६ प्रतिशत, मधेश प्रदेशको ३.८२ प्रतिशत, बागमती प्रदेशको ३.२९ प्रतिशत, गण्डकी प्रदेशको ३.५० प्रतिशत, लुम्बिनी प्रदेशको ३.५३ प्रतिशत, कर्णाली प्रदेशको ३.५६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.९० प्रतिशत रहेको छ ।

६. समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.४९ प्रतिशत, तराईको ४.०९ प्रतिशत, पहाडको ३.६१ प्रतिशत र हिमालको ४.१९ प्रतिशत रहेको छ । २०८० भदौ महिनामा उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः ९.८३ प्रतिशत, ७.०३ प्रतिशत, ८.०९ प्रतिशत र ११.३२ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

७. २०८१ भदौ महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति २.७५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.७८ प्रतिशत रहेको थियो ।


८. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमशः १.३९ प्रतिशत, ३.५६ प्रतिशत र २.७७ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति ४.२२ प्रतिशतले घटेको छ ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

९. २०८१ भदौ महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.८५ प्रतिशत रहेको छ । सन् २०२४ सेप्टेम्बर महिनामा भारतमा यस्तो मुद्रास्फीति ५.४९ प्रतिशत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार




१०. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा कुल वस्तु निर्यात ५.१ प्रतिशतले घटी रु.२५ अर्ब ९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.८ प्रतिशतले कमी आएको थियो । गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यातमा क्रमशः ४.५ प्रतिशत, ४५.३ प्रतिशत र ३.९ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा चिया, पार्टिकल बोर्ड, पिना, जुत्ता तथा चप्पल, सोयाविन तेल लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, जिंक शिट, पाम तेल, तयारी पोशाक, जडिबुटी लगायतका वस्तुको निर्यात घटेको छ ।

११. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा कुल वस्तु आयात १.१ प्रतिशतले वृद्धि भई रु.२६२ अर्ब ५४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५.१ प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ०.१ प्रतिशत र ५.१ प्रतिशतले कमी आएको छ भने चीनबाट भएको आयात ११.९ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्ट्स्, खाने तेल, रासायनिक मल, दूरसंचार उपकरण तथा पार्ट्स, लसुन लगायतका वस्तुको आयात बढेको छ भने सुन, एम.एस.विलेट, धान तथा चामल, कच्चा पाम तेल, विद्युतीय उपकरण लगायतका वस्तुको आयात घटेको छ।

१२. निर्याततर्फ भैरहवा, सुख्खा बन्दरगाह, कैलाली, कृष्णनगर, तथा नेपालगञ्ज भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ। आयाततर्फ भैरहवा, सुख्खा बन्दरगाह, जलेश्वर, कैलाली, मेची, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ।

१३. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा कुल वस्तु व्यापार घाटा १.८ प्रतिशतले वृद्धि भई रु.२३७ अर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ४.७ प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.२ प्रतिशत रहेको थियो।

१४. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.२९ अर्ब ९३ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.३२ अर्ब १४ करोड बराबरको भएको थियो।

## वैदेशिक व्यापारको संरचना

१५. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५३.२ प्रतिशत र ४५.६ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् १.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५४.१ प्रतिशत, ०.२३ प्रतिशत र ४५.६ प्रतिशत रहेको थियो।

१६. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ४९.७ प्रतिशत, पुँजीगत वस्तुको ८.६ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ४१.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५२.८ प्रतिशत, ९.१ प्रतिशत र ३८.१ प्रतिशत रहेका थिए।

## निर्यात-आयात मूल्य सूचकाङ्क

१७. वार्षिक विन्दुगत आधारमा २०८१ भदौ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ०.१ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ०.५ प्रतिशतले कमी आएको छ। २०८१ भदौ महिनामा व्यापारको शर्त (Terms of Trade) ०.६ प्रतिशतले बढेको छ।

## सेवा

१८. समीक्षा अवधिमा खुद सेवा आय रु.२८ अर्ब २० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.२५ अर्ब २३ करोडले घाटामा रहेको थियो।

१९. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १२.१ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.९ अर्ब ४० करोड रहेको थियो ।

**तालिका २ : समीक्षा अवधिको शोधनान्तर सम्बन्धी केही परिसूचकहरु**

| विवरण | रकम (रु अर्बमा) | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | २०२३/२४सं | २०२४/२५अ | २०२३/२४ | २०२४/२५ |
| भ्रमण आय | ९.४० | १०.५३ | ४८.१ | १२.१ |
| भ्रमण व्यय | ३५.५९ | ४३.४९ | ७६.५ | २२.२ |
| विप्रेषण आप्रवाह | २२८.४० | २६३.१४ | १८.७ | १५.२ |
| प्रत्यक्ष लगानी आप्रवाह (ईक्वीटी मात्र) | ३.०० | २.७१ | २००.५ | -९.६ |

*सं-संशोधित अ-अनुमानित*

२०. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय २२.२ प्रतिशतले वृद्धि भई रु.४३ अर्ब ४९ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.२८ अर्ब १६ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.३५ अर्ब ५९ करोड रहेकोमा शिक्षातर्फको व्यय रु. २३ अर्ब ३३ करोड रहेको थियो ।

## विप्रेषण आप्रवाह

२१. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि भई रु.२६३ अर्ब १४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १ अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १ अर्ब ७३ करोड रहेको थियो ।

२२. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७६,४८५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४०,५८३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ७४,४५५ र ३२,००४ रहेको थियो ।

२३. समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.२८६ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २५१ अर्ब ६५ करोड रहेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति


२४. समीक्षा अवधिमा चालु खाता रु.४९ अर्ब ६९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२३ अर्ब ९७ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १८ करोड १३ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ३७ करोड १ लाखले बचतमा रहेको छ ।

२५. समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.१ अर्ब २० करोड कायम भएको छ भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (ईक्वीटी मात्र) रु. २ अर्ब ७१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.८५ करोड ८ लाख कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (ईक्वीटी मात्र) रु.३ अर्ब रहेको थियो ।

२६. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.१०१ अर्ब ७७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.५५ अर्ब १० करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४१ करोड ७० लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ७५ करोड ७९ लाखले बचतमा रहेको छ ।

### विदेशी विनिमय सञ्चिति

२७. २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २०८१ भदौ मसान्तमा ५.५ प्रतिशतले वृद्धि भइ रु.२१५२ अर्ब ५३ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ भदौ मसान्तमा ५.० प्रतिशतले वृद्धि भई १६ अर्ब ४ करोड पुगेको छ ।




२८. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८४८ अर्ब ५५ करोड रहेकोमा २०८१ भदौ मसान्तमा ४.४ प्रतिशतले वृद्धि भई रु.१९२८ अर्ब ९९ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा रु.१९२ अर्ब ५५ करोड रहेकोमा २०८१ भदौ मसान्तमा १६.१ प्रतिशतले वृद्धि भई रु.२२३ अर्ब ५३ करोड कायम भएको छ । २०८१ भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.१ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२९. आर्थिक वर्ष २०८१/८२ को दुई महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १६.८ महिनाको वस्तु आयात र १३.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०८१ भदौ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३७.७ प्रतिशत, ११४.४ प्रतिशत र ३०.८ प्रतिशत रहेका छन् । २०८१ असार मसान्तमा उक्त अनुपातहरु क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३०. अन्तर्राष्ट्रिय बजारमा २०८० भदौ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ९५.५५ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८१ भदौ मसान्तमा २२.६ प्रतिशतले कमी आई अमेरिकी डलर ७३.९६ कायम भएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८० भदौ मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १९२७.७० रहेकोमा २०८१ भदौ मसान्तमा ३४.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर २५८४ पुगेको छ ।

### विनिमय दर

३१. २०८१ असार मसान्तको तुलनामा २०८१ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.४ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ १.२ प्रतिशतले अवमूल्यन भएको थियो । २०८१ भदौ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३३.९३ पुगेको छ । २०८१ असार मसान्तमा उक्त विनिमय दर रु.१३३.३६ रहेको थियो ।

# सरकारी वित्त स्थिति

## नेपाल सरकार

### खर्च तथा राजस्व

३२. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा नेपाल सरकारको कुल खर्च रु.१३७ अर्ब ५५ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रु.८२ अर्ब ९९ करोड, पुँजीगत खर्च रु.१४ अर्ब ८९ करोड र वित्तीय व्यवस्था खर्च रु.३९ अर्ब ६७ करोड रहेको छ ।

**तालिका ३ : सरकारी खर्च तथा राजस्व (दुई महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **कुल खर्च** | **१३४.३४** | **१३१.१४** | **१३७.५५** | **-२.४** | **४.९** |
| *चालु खर्च* | *१०८.७३* | *८७.६६* | *८२.९९* | *-१९.४* | *-५.३* |
| *पुँजीगत खर्च* | *५.८६* | *८.१६* | *१४.८९* | *३९.३* | *८२.४* |
| *वित्तीय व्यवस्था* | *१९.७५* | *३५.३१* | *३९.६७* | *७८.८* | *१२.३* |
| **राजस्व परिचालन** | **१४३.८१** | **१४१.०८** | **१६६.३९** | **-१.९** | **१७.९** |
| *कर राजस्व* | *१३०.७०* | *१२७.९६* | *१४५.१९* | *-२.१* | *१३.५* |
| *गैर-कर राजस्व* | *१३.११* | *१३.१२* | *२१.१९* | *०.१* | *६१.५* |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

३३. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.१६६ अर्ब ३९ करोड पुगेको छ । यस अन्तर्गत कर राजस्व रु.१४५ अर्ब १९ करोड र गैर कर राजस्व रु.२१ अर्ब १९ करोड परिचालन भएको छ (तालिका ३) ।

### नेपाल सरकारको नगद मौज्दात

३४. २०८१ भदौ मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.२६९ अर्ब ५३ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ । २०८१ असार मसान्तमा यस्तो मौज्दात रु.९१ अर्ब ७८ करोड रहेको थियो ।

## प्रदेश सरकार

### खर्च तथा राजस्व

३५. समीक्षा अवधिमा प्रदेश सरकारहरुको कुल खर्च रु.५ अर्ब ५५ करोड र स्रोत परिचालन रु.२२ अर्ब २३ करोड रहेको छ । प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१७ अर्ब ४७ करोड र प्रदेश सरकारहरुले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु.४ अर्ब ७६ करोड रहेको छ ।


# मौद्रिक स्थिति

### मुद्राप्रदाय

३६. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.५ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय १३.९ प्रतिशतले बढेको छ ।

३७. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.१०१ अर्ब ७७ करोड (५.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.५५ अर्ब १० करोड (३.८ प्रतिशत) ले बढेको थियो ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (भदौ) (वार्षिक विन्दुगत)**



३८. समीक्षा अवधिमा सञ्चित मुद्रा ०.०५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ७.६ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा सञ्चित मुद्रा १७.३ प्रतिशतले बढेको छ ।

## कुल आन्तरिक कर्जा

३९. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा कुल आन्तरिक कर्जा ०.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.४ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा यस्तो कर्जा ६.३ प्रतिशतले बढेको छ ।

४०. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी १०.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १०.४ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा यस्तो दाबी ३.४ प्रतिशतले बढेको छ ।

४१. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी २.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १.७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ६.८ प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

४२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.३५ अर्ब ३ करोड (०.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.७ अर्ब ५६ करोड (०.१ प्रतिशत) ले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १३.८ प्रतिशतले बढेको छ ।

**तालिका ४: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | भदौ मसान्त | |
|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८० | २०८१ |
| चल्ती | ७.७ | ५.८ | ६.२ | ५.२ |
| बचत | २६.६ | ३०.३ | २५.९ | ३०.९ |
| मुद्दती | ५८.८ | ५६.४ | ६१.१ | ५६.७ |
| अन्य | ६.८ | ७.५ | ६.८ | ७.२ |


४३. २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.२ प्रतिशत, ३०.९ प्रतिशत र ५६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६.२ प्रतिशत, २५.९ प्रतिशत र ६१.१ प्रतिशत रहेको थियो (तालिका ४) ।

४४. २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.० प्रतिशत रहेको छ । २०८० भदौ मसान्तमा यस्तो निक्षेपको अंश ३६.१ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.७३ अर्ब ३९ करोड (१.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.३३ अर्ब ६० करोड (०.७ प्रतिशत) ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशतले बढेको छ ।

४६. २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४.० प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.० प्रतिशत र ३७.० प्रतिशत रहेको थियो ।



चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (भदौ) (वार्षिक विन्दुगत)

४७. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १.५ प्रतिशतले, विकास बैंकहरुका १.१ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह ३.० प्रतिशतले बढेको छ।

४८. २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये १३.२ प्रतिशत कर्जाको लागि चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) सुरक्षणको रुपमा रहेको छ भने ६६.२ प्रतिशत कर्जाको लागि घर जग्गा धितो सुरक्षण रहेको छ। २०८० भदौ मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः १२.१ प्रतिशत र ६७.२ प्रतिशत रहेको थियो ।

४९. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा ०.२ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ०.९ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १.२ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १.२ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २.२ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा १.७ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा १.१ प्रतिशतले बढेको छ।

५०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा १.८ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा १०.७ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा १७.० प्रतिशतले, हायर पर्चेज कर्जा ०.८ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ०.२ प्रतिशतले र नगद प्रवाह कर्जा १.१ प्रतिशतले बढेको छ भने अधिविकर्ष कर्जा ४.९ प्रतिशतले घटेको छ।

## तरलता व्यवस्थापन

५१. समीक्षा अवधिमा निक्षेप संकलन बोलकबोलमार्फत रु.४२४ अर्ब ७५ करोड र स्थायी निक्षेप सुविधामार्फत रु.६२७० अर्ब ४० करोड गरी कुल रु.६६९५ अर्ब १५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा ओभरनाइट तरलता सुविधा र स्थायी तरलता सुविधा लगायतका उपकरणहरुमार्फत खुद रु.३६२ अर्ब ३६ करोड तरलता प्रवाह गरिएको थियो ।

५२. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ८३ करोड ४७ लाख खुद खरिद गरी रु.१११ अर्ब ९७ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ७७ करोड ७८ लाख खुद खरिद गरी रु.१०२ अर्ब ८७ करोड तरलता प्रवाह गरिएको थियो ।

५३. समीक्षा अवधिमा अमेरिकी डलर ५६ करोड २० लाख बिक्री गरी रु.७५ अर्ब ३९ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ४४ करोड बिक्री गरी रु.५८ अर्ब २६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## अन्तर-बैंक कारोबार

५४. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा वाणिज्य बैंकहरुको रु.१९० अर्ब १० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.३ अर्ब ६० करोड गरी कुल रु.१९३ अर्ब ७० करोडको अन्तर-बैंक कारोबार भएको

छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.९२४ अर्ब ४२ करोड र अन्य वित्तीय संस्थाहरुको रु.१५६ अर्ब ३८ करोड गरी कुल रु.१०८० अर्ब ८० करोडको अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५५. २०८० भदौमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ५.९५ प्रतिशत रहेकोमा २०८१ भदौमा २.८९ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०८० भदौमा ५.८८ प्रतिशत रहेकोमा २०८१ भदौमा ३.०० प्रतिशत रहेको छ (तालिका ५) ।

| तालिका ५ : भारित औसत ब्याजदर (प्रतिशत) | | |
|---|---|---|
| शीर्षक | २०८० भदौ | २०८१ भदौ |
| ९१-दिने ट्रेजरी बिल | ५.९५ | २.८९ |
| औसत अन्तर बैंक दर | ५.८८ | ३.०० |
| औसत आधार दर | | |
| वाणिज्य बैंक | १०.१४ | ७.४९ |
| विकास बैंक | १२.१२ | ९.१५ |
| वित्त कम्पनी | १३.५२ | १०.६५ |
| निक्षेपको ब्याजदर | | |
| वाणिज्य बैंक | ८.०६ | ५.५३ |
| विकास बैंक | ९.४३ | ६.३१ |
| वित्त कम्पनी | १०.२७ | ७.५५ |
| कर्जाको ब्याजदर | | |
| वाणिज्य बैंक | १२.२३ | ९.५२ |
| विकास बैंक | १३.९९ | १०.८९ |
| वित्त कम्पनी | १४.६८ | १२.१४ |

५६. २०८१ भदौमा वाणिज्य बैंकहरुको औसत आधार दर ७.४९ प्रतिशत, विकास बैंकहरुको ९.१५ प्रतिशत र वित्त कम्पनीहरुको १०.६५ प्रतिशत रहेको छ । २०८० भदौमा वाणिज्य बैंकहरुको औसत आधार दर १०.१४ प्रतिशत, विकास बैंकहरुको १२.१२ प्रतिशत र वित्त कम्पनीहरुको १३.५२ प्रतिशत रहेको थियो ।

५७. २०८१ भदौमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.५३ प्रतिशत, विकास बैंकहरुको ६.३१ प्रतिशत र वित्त कम्पनीहरुको ७.५५ प्रतिशत रहेको छ । २०८० भदौमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.०६ प्रतिशत, विकास बैंकहरुको ९.४३ प्रतिशत र वित्त कम्पनीहरुको १०.२७ प्रतिशत कायम भएको थियो । त्यसैगरी, २०८१ भदौमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर ९.५२ प्रतिशत, विकास बैंकहरुको १०.८९ प्रतिशत र वित्त कम्पनीहरुको १२.१४ प्रतिशत रहेको छ । २०८० भदौमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.२३ प्रतिशत, विकास बैंकहरुको १३.९९ प्रतिशत र वित्त कम्पनीहरुको १४.६८ प्रतिशत रहेको थियो ।

## वित्तीय पहुँच

५८. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८१ भदौ मसान्तमा १०७ रहेको छ (तालिका ६) । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८१ भदौ मसान्तमा ११,५३३ भएको छ ।


| तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८१ भदौ मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८१ भदौ मसान्त |
| वाणिज्य बैंक | २० | २० | २० | ५०४९ | ५०५६ | ५०६४ |
| विकास बैंक | १७ | १७ | १७ | ११२८ | ११३५ | ११३६ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २८४ | २८८ | २८८ |
| लघुवित्त वित्तीय संस्था | ५७ | ५२ | ५२ | ५१२८ | ५०५१ | ५०४५ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **११२** | **१०७** | **१०७** | **११५८९** | **११५३०** | **११५३३** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

## पुँजी बजार

५९. २०८० भदौ मसान्तमा १९६४.९२ रहेको नेप्से सूचकाङ्क २०८१ भदौ मसान्तमा २५८०.७६ कायम भएको छ ।

चार्ट ६ : नेप्से सूचकाङ्क




६०. २०८१ भदौ मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४१०३ अर्ब ६२ करोड कायम भएको छ। २०८० भदौ मसान्तमा बजार पुँजीकरण रु.२९६१ अर्ब ३४ करोड रहेको थियो ।

६१. २०८१ भदौ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २६७ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १२९ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २२ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ७ अन्य समूहका रहेका छन् । २०८० भदौमा सूचीकृत कम्पनीहरूको संख्या २५५ रहेको थियो ।

६२. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५८.५ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १५.१ प्रतिशत, लगानी कम्पनीको हिस्सा ८.१ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ५.७ प्रतिशत, होटेलको हिस्सा २.८ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ९.३ प्रतिशत रहेको छ ।

६३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१ भदौ मसान्तमा सूचीकृत ८ अर्ब ३५ करोड शेयरको चुक्ता मूल्य रु.८२८ अर्ब २४ करोड रहेको छ ।

६४. आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा रु.२ अर्ब ५४ करोड बराबरको बोनस शेयर, रु.१ अर्ब ७२ करोड बराबरको हकप्रद शेयर र रु.४७ लाख बराबरको एफपीओ गरी कुल रु.४ अर्ब २६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।